# नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७

| **संशोधन** | **स्वीकृत मिति** |
|---|---|
| नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७ (पहिलो संशोधन) | २०७८/०७/०५ |

**प्रस्तावना** :

नेपालको संविधानले नागरिकको सूचनाको हक प्रत्याभूत गरेको, सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले नागरिकको सूचनाको हक संरक्षण गरी प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नुपर्ने जिम्मेवारी तोकेको सन्दर्भमा सूचनाको स्पष्ट, पारदर्शी, विश्वसनीय, जवाफदेही, सान्दर्भिक र सामयिक सिद्धान्तलाई आत्मसात गर्दै नेपाल राष्ट्र बैंकले बैंकको सूचना तथा जानकारी सरोकारवालासमक्ष प्रवाह गर्ने पद्दतिलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २९ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, सञ्चालक समितिले यो नीति जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :– (१) यस नीतिको नाम **"नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७** " रहेको छ ।

(२) यो नीति सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।[1]

२. **परिभाषा** :– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,

(क) "आयोग" भन्नाले सूचनाको हकसम्बन्धी प्रचलित कानुनबमोजिम स्थापित राष्ट्रिय सूचना आयोगलाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनुपर्छ ।

(ग) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनुपर्छ ।

(घ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनुपर्छ ।

(ङ) "प्रवक्ता" भन्नाले बैंकको सूचना, तथ्याङ्क र जानकारी आधिकारिक रूपमा सम्प्रेषण एवम् व्यवस्थापन गर्नका निम्ति गभर्नरले तोकेको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(च) "प्रकाशन" भन्नाले प्रकाशन अङ्क खुलाई वा नखुलाई विभागीय रूपमा प्रकाशित हुने साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्ध-वार्षिक, वार्षिक वा विशेष रूपमा जुनसुकै समयमा प्रकाशन गर्ने पुस्तक, जर्नल, बुकलेट, बुलेटिन आदिलाई

[1] सञ्चालक समितिको मिति २०७७/१०/२६ को बैठकबाट स्वीकृत

सम्झनुपर्छ । सो शब्दले विद्युतीय माध्यमबाट गरिने विभिन्न श्रव्य दृश्य प्रकाशनसमेतलाई जनाउँछ ।

(छ) "प्रसारण" भन्नाले विद्युतीय वा अन्य माध्यममार्फत श्रव्य-दृश्य सामग्रीका रूपमा सरोकारवालासमक्ष सूचना प्रवाह गर्ने पद्धति वा कार्यलाई सम्झनुपर्छ ।

(ज) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

(झ) "महाशाखा" भन्नाले बैंकको गभर्नरको कार्यालय अन्तर्गतको सूचना तथा सञ्चार समन्वय महाशाखा सम्झनुपर्छ ।

(ञ) "विभाग" भन्नाले बैंकका विभिन्न विभाग सम्झनुपर्छ र सो शब्दले बैंकका अन्य कार्यालय, महाशाखा, इकाई तथा प्रदेशस्थित कार्यालयसमेतलाई जनाउँछ ।

(ट) ''विभागीय प्रमुख'' भन्नाले बैंकका विभागका प्रमुखलाई सम्झनुपर्छ र सो शब्दले बैंकका कार्यालय, महाशाखा, इकाई तथा प्रदेशस्थित कार्यालयका प्रमुख समेतलाई जनाउँछ ।

(ठ) ''सञ्चार माध्यम'' भन्नाले स्वदेश वा विदेशबाट समाचार तथा सूचना प्रकाशन तथा प्रसारण गर्ने जुनसुकै सञ्चार माध्यमलाई सम्झनुपर्छ ।

(ड) "सञ्चालक समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठित बैंकको सञ्चालक समिति सम्झनुपर्छ ।

(ढ) ''सह-प्रवक्ता" भन्नाले प्रवक्ताको अनुपस्थिति वा कार्यव्यस्तताको समयमा प्रवक्ताको कार्य गर्नेगरी तोकिएको गभर्नरको कार्यालय, सूचना तथा सञ्चार समन्वय महाशाखा प्रमुखलाई सम्झनुपर्छ ।

(ण) ''सामाजिक सञ्जाल'' भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा सञ्चालन वा प्रयोगमा रहेका विभिन्न एप्लिकेसन, वेबसाइट लगायतका माध्यमबाट विचार, धारणा र अभिव्यक्तिको कुनै लिखत, श्रव्य दृश्य सामग्री वा जानकारी सार्वजनिक गर्ने सञ्जाललाई सम्झनुपर्छ ।

(त) "सूचना अधिकारी" भन्नाले बैंकको सूचना, तथ्याङ्क र जानकारी माग भएअनुरूप प्रवाह गर्न तोकिएको गभर्नरको कार्यालय, सूचना तथा सञ्चार समन्वय महाशाखा प्रमुखलाई सम्झनुपर्छ । सो शब्दले नीतिको दफा १८(१) बमोजिम तोकिएको अधिकृत समेतलाई जनाउँछ ।

(थ) "सूचना तथा जानकारी" भन्नाले बैंकले ऐन वा प्रचलित कानुनबमोजिम समयसमयमा जारी गर्ने नियम, विनियम, आदेश, निर्देशन, विवरण, तथ्याङ्क, प्रतिवेदन, सन्देश, सूचना, जानकारी आदि सम्झनुपर्छ र सो शब्दले बैंकबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णय समेतलाई जनाउँछ ।

## परिच्छेद - २

## नीतिका उद्देश्य

३. **नीतिका उद्देश्य :** यस नीतिका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(१) बैंकसँग सम्बन्धित सूचना तथा जानकारी व्यवस्थित, सहज र पारदर्शी ढङ्गले सम्प्रेषण गर्ने ।

(२) सम्प्रेषित सूचनाको माध्यमबाट मुलुकको बैंकिङ तथा वित्तीय क्षेत्रको प्रवर्द्धन र स्थायित्वमा टेवा पुर्‍याउँदै समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने ।

## परिच्छेद - ३

## सूचनाको लक्षित वर्ग

४. **सूचना तथा जानकारीका लक्षित वर्ग :** बैंकबाट प्रवाह हुने सूचना तथा जानकारीका लक्षित वर्ग देहायबमोजिम हुनेछ :

(क) सर्वसाधारण नागरिक,

(ख) सरकारी निकाय,

(ग) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था,

(घ) सञ्चार क्षेत्र,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था,

(छ) गैरसरकारी संस्था,

(ज) व्यावसायिक संघ/सङ्गठन,

(झ) शैक्षिक संस्था तथा अनुसन्धानकर्ता र

(ञ) अन्य ।

## परिच्छेद - ४

## सूचना सम्प्रेषणका माध्यम

५. **बैंकको सूचना तथा जानकारी सम्प्रेषणका माध्यम :** (१) बैंकले प्रवाह गर्ने वा गर्नुपर्ने सूचना तथा जानकारी देहायबमोजिमका जुनसुकै माध्यमबाट सार्वजनिक गरिनेछ :-

(क) बैंकको वेबसाइट,

(ख) पत्रकार सम्मेलन,

(ग) पत्र-पत्रिकामा प्रकाशन,

(घ) रेडियो/टेलिभिजनबाट प्रसारण,

(ङ) सामाजिक सञ्जाल,

(च) इमेल/टेलिफोन/फ्याक्स, र

(छ) अन्य उपयुक्त माध्यम ।

(२) सूचना सम्प्रेषणको भाषा नेपाली वा अङ्ग्रेजी वा दुवै हुन सक्नेछ ।

## परिच्छेद - ५

## सूचनाको हक, प्राप्ति र उपयोग सम्बन्धी व्यवस्था

६. **सूचनामा पहुँच हुने**: (१) प्रत्येक नेपाली नागरिकलाई यस नीतिको अधीनमा रही बैंकसँग सम्बन्धित सूचनामा पहुँच हुनेछ ।

♦(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन :-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने,

(च) वित्तीय क्षेत्रको स्थायित्व तथा सर्वसाधारण निक्षेपकर्ताको विश्वासमा प्रतिकुल असर पार्ने एवम् बैंकको गरिमा र प्रतिष्ठामा आँच पुऱ्याउने,

(छ) बैंकको निरीक्षण, सुपरिवेक्षण, अनुगमन, छानविन वा अनुसन्धानसम्बन्धी कारवाहीको क्रममा रहेका विषय ।

खण्ड (क) देखि (छ) का अतिरिक्त सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएको अवस्थाभन्दा बाहेक बैंकले सार्वजनिक महत्वको सूचना प्रवाह गर्नेछ ।

७. **सूचना माग गर्न सकिने**: (१) यस नीतिबमोजिम सार्वजनिक महत्वको कुनै सूचना प्राप्त गर्न चाहने लक्षित वर्गले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई अनुसूची-१ अनुरूपको ढाँचामा सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

✍(२) सूचना अधिकारीको इमेल ठेगानामा इमेल गरेर समेत यस्तो निवेदन दिन सकिनेछ ।

८. **सूचना प्राप्त गर्न सकिने**: (१) प्रचलित कानुन तथा यस नीतिबमोजिम प्रवाह गर्न मिल्ने सूचना तथा जानकारी प्रवाह गर्न सकिनेछ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित

✍ पहिलो संशोधनद्वारा थप

(२) बैंकसँग सम्बन्धित सार्वजनिक महत्वका सूचना तथा जानकारी बैंकले वेबसाइट वा अन्य माध्यमबाट प्रकाशन गर्नेछ ।

(३) दफा ७ बमोजिम निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए यथासम्भव शीघ्र उपलब्ध गराउने र अन्य विभाग तथा कार्यालयसँग समन्वय गरी उपलब्ध गराउनुपर्ने सूचना भए निवेदन प्राप्त भएको मितिले सामान्यतया पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी निवेदकलाई तुरुन्त गराउनु पर्नेछ ।

✍(५) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा गभर्नरसमक्ष उजुरी दिन सक्नेछ ।

✍(६) उपदफा (५) बमोजिमको उजुरीमाथि कारवाही गर्दा सूचना दिन नमिल्ने देखिएमा सोको कारणसहितको जानकारी १५ दिनभित्र निवेदकलाई दिनुपर्नेछ ।

९. **जवाफ दिन वाध्य नहुने** : (१) बैंकका सञ्चालक, पदाधिकारी तथा कर्मचारीको व्यक्तिगत विवरण वा जानकारी प्रचलित कानुनबमोजिम माग भएकोमा बाहेक उपलब्ध गराउन बैंक वाध्य हुने छैन ।

(२) निवेदकको परिचय, कारण तथा प्रयोजन नखुल्ने गरी माग भई आएका सूचना उपलब्ध गराउन बैंक वाध्य हुने छैन ।

✂(३) ✂.................... ✂

१०. **सूचनाको दुरुपयोग गर्न नहुने :** (१) निवेदकले सूचना माग गर्दा सोको प्रयोजन खुलाउनु पर्नेछ । बैंकबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्नेछ ।

(२) निवेदकले प्राप्त गरेको सूचना अन्य प्रयोजनका लागि दुरुपयोग गर्नु हुँदैन ।

(३) उपदफा (२) विपरीत कुनै व्यक्तिले सूचनाको दुरुपयोग गरेमा बैंकले सो सम्बन्धमा सम्बन्धित निकायसमक्ष आवश्यक कारवाहीका लागि लेखी पठाउन सक्नेछ ।

## परिच्छेद - ६

## नियमित सूचना सम्प्रेषण

११. **सूचना तथा जानकारी प्रकाशन गरिने :** (१) बैंकसँग सम्बन्धित देहायबमोजिमका प्रतिवेदन/सूचना तथा जानकारी कार्यप्रकृतिको आधारमा आवश्यकताअनुसार दैनिक,

---

✂ पहिलो संशोधनद्वारा हटाइएको ।

साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्द्धवार्षिक वा वार्षिक रूपमा प्रकाशन गरिनेछ :

(क) मौद्रिक नीति तथा सोको समीक्षा,

(ख) देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी विवरण,

(ग) निर्देशन, परिपत्र तथा सूचना,

(घ) बैंकको वार्षिक प्रतिवेदन,

(ङ) वित्तीय स्थायित्व प्रतिवेदन,

(च) मासिक वित्तीय अवस्थाको विवरण,

(छ) बैंकका अन्य प्रतिवेदन,

(ज) इजाजत/अनुमतिपत्रप्राप्त संस्थाहरूको नामावली,

(झ) नेपाल राष्ट्र बैंक समाचार मासिक, त्रैमासिक तथा वार्षिकोत्सव विशेषाङ्क,

(ञ) मासिक तथ्याङ्क, समसामयिक जानकारी, नेपालको समष्टिगत आर्थिक परिसूचक, आर्थिक बुलेटिन, र

(ट) अन्य प्रकाशन, सूचना तथा जानकारी ।

✍(२) बैंकले आफ्ना कारबाहीसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी त्रैमासिक रूपमा प्रकाशन गर्नेछ ।

(क) बैंकको संगठनात्मक स्वरूप र कार्यप्रकृति,

(ख) बैंकको काम, कर्तव्य र अधिकार,

(ग) बैंकमा रहेका कर्मचारी संख्या,

(घ) बैंकबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने विभाग र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्दा लाग्ने दस्तुर,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र गभर्नरको नाम,

---

✍ पहिलो संशोधनद्वारा थप

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

(ड) अन्य सान्दर्भिक विवरण ।

## परिच्छेद - ७

## सरकारी निकाय र अन्य संघसंस्थामा सूचना प्रवाह गर्ने प्रक्रिया

१२. **सरकारी निकाय वा संघसंस्थामा सूचना उपलब्ध गराउने प्रक्रिया**: (१) सरकारी निकायबाट अनुसन्धान प्रयोजनका लागि माग भएका सूचना, विवरण, राय, प्रतिक्रिया, उजुरी तथा आवश्यक कारवाही वा जानकारीजस्ता विषयवस्तु सम्बन्धित विभागसँग समन्वय गरी गभर्नरको कार्यालयले उपलब्ध गराउने छ ।

तर, नियमित प्रकाशन तथा रिपोर्टिङ हुने प्रकृतिका र दैनिक कार्यसञ्चालन सम्बन्धी सूचना तथा जानकारी सम्बन्धित विभागले उपलब्ध गराउन सक्नेछ ।

(२) एउटै पत्रबाट बैंकका एकभन्दा बढी विभागसँग सम्बन्धित विषयको सूचना उपलब्ध गराउनुपर्ने भएमा जनसम्पर्क इकाईले संयोजन गरी सूचना उपलब्ध गराउने छ ।

## परिच्छेद - ८

## सूचना सम्प्रेषणसम्बन्धी क्षेत्राधिकार

१३. **सम्प्रेषण गर्न मिल्ने सूचना मात्र सम्प्रेषण गर्नुपर्ने** : (१) बैंकले प्रवक्ता, सूचना अधिकारी तथा सह-प्रवक्तामार्फत सरोकारवालालाई बैंकको तर्फबाट आधिकारिक धारणा तथा सूचना सम्प्रेषण गर्नेछ ।

(२) देहायका पदाधिकारीबाट देहायबमोजिमको अवस्थामा बाहेक कुनै पनि पदाधिकारी तथा कर्मचारीले बैंकमा कार्यरत रहेको पदको हैसियतमा कुनै पनि प्रकारको सूचना सम्प्रेषण गर्न पाउने छैन :-

(क) बैंकसँग सम्बन्धित कुनै पनि काम कारवाही तथा मुलुकको आर्थिक एवम् वित्तीय अवस्थाका बारेमा कुनै पनि समयमा गभर्नरले सूचना सम्प्रेषण गर्न सक्नेछ,

(ख) बैंकसँग सम्बन्धित आफ्नो कार्यक्षेत्रभित्र पर्ने कुनै पनि काम कारवाही तथा मुलुकको आर्थिक तथा वित्तीय अवस्थाको बारेमा कुनै पनि समयमा सम्बन्धित डेपुटी गभर्नरले सूचना सम्प्रेषण गर्न सक्नेछ,

(ग) बैंकको निर्णय तथा गतिविधिबारे बैंकको प्रवक्ता वा सहप्रवक्ता सञ्चार माध्यमलाई सूचना सम्प्रेषण गर्नेछ,

(घ) गभर्नरको स्वीकृतिबमोजिम आफ्नो विभागसँग सम्बन्धित कामकारवाहीको वारेमा सम्बन्धित विभागीय प्रमुखले प्रवक्तासँग समन्वय गरी सूचना सम्प्रेषण गर्न सक्नेछ,

(ङ) प्रदेशस्थित कार्यालय प्रमुखले प्रवक्ता, सहप्रवक्ता तथा सूचना अधिकारीको समन्वयमा आफू कार्यरत प्रदेशसँग सम्बन्धित कुनै पनि काम कारवाही तथा आर्थिक अवस्थाको बारेमा सूचना सम्प्रेषण गर्न सक्नेछ,

(च) प्रवक्ता, सहप्रवक्ता तथा सूचना अधिकारीले कुनै सूचना तथा जानकारी सम्प्रेषण गर्ने क्रममा आवश्यक देखेमा सम्बन्धित विषयवस्तुको ज्ञान भएको कर्मचारीमार्फत विशेषज्ञको रूपमा सो विषयबारेको सूचना तथा जानकारी सम्प्रेषण गर्न गराउन सक्नेछ ।

## परिच्छेद - ९

## सामाजिक सञ्जालको प्रयोग

**१४. सूचना प्रवाहमा सामाजिक सञ्जालको प्रयोग** : (१) बैंकले प्रवाह गर्नुपर्ने सूचना तथा जानकारी बैंकको आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्न सक्नेछ ।

(२) सामाजिक सञ्जालको सञ्चालन गभर्नरको कार्यालय, सूचना तथा सञ्चार समन्वय महाशाखाले प्रवक्ता तथा सूचना अधिकारीको समन्वयमा गर्नेछ ।

(३) बैंकले विभिन्न सामाजिक सञ्जालमार्फत बैंकको आधिकारिक पेज वा अकाउन्ट सञ्चालन गरी बैंकका सूचना तथा जानकारी सम्प्रेषण गर्न सक्नेछ ।

**१५. सूचनाको प्रकाशन** : सामाजिक सञ्जालमार्फत बैंकका सूचना तथा जानकारी सम्प्रेषण गर्दा बैंकको वेवसाइटमा रहने र नरहने सूचना तथा जानकारी एवम् जनचेतनामूलक सामग्री महाशाखाले प्रकाशन वा प्रसारण गर्नेछ ।

## परिच्छेद - १०

## प्रवक्ता, सह-प्रवक्ता तथा सूचना अधिकारी सम्बन्धी व्यवस्था

**१६. प्रवक्ता सम्बन्धी व्यवस्थाः** (१) गभर्नरले बैंकको कुनै एक कार्यकारी निर्देशकलाई बैंकको प्रवक्ता तोक्नेछ र सोको जानकारी बैंकको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

(२) प्रवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बैंकका जुनसुकै विभाग/कार्यालय तथा बैंकबाट इजाजत तथा अनुमतिप्राप्त अन्य संस्थासँग सूचना तथा जानकारी माग गर्ने ।

(ख) बैंकको निर्णय वा गतिविधि आवश्यकता अनुसार सार्वजनिक गर्ने ।

(ग) सार्वजनिक सञ्चार माध्यम वा अन्य माध्यममार्फत बैंकका सूचना तथा जानकारी नियमित रूपमा सम्प्रेषण गर्ने, गराउने ।

१७. **सह-प्रवक्ता तथा सूचना अधिकारी सम्बन्धी व्यवस्थाः** (१) गभर्नरको कार्यालय, सूचना तथा सञ्चार समन्वय महाशाखा प्रमुखले बैंकको सह-प्रवक्ता तथा सूचना अधिकारीको रूपमा कार्य गर्नेछ ।

(२) सह-प्रवक्ता तथा सूचना अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) प्रवक्ताको अनुपस्थिति वा कार्यव्यस्तताको समयमा प्रवक्ता र निजबाट हुँदै आएका काम कारवाही गर्ने ।

(ख) बैंकका जुनसुकै विभाग/कार्यालय तथा बैंकबाट इजाजत तथा अनुमतिप्राप्त अन्य संस्थासँग अद्यावधिक सूचना तथा जानकारी प्राप्त गर्ने ।

(ग) बैंकसँग सम्बन्धित खास विषयको सूचना एवम् जानकारी सरोकारवालाले माग गरेको अवस्थामा आवश्यक प्रक्रिया पूरा गरी उपलब्ध गराउने ।

१८. **प्रदेशस्थित कार्यालयमा सूचना अधिकारी सम्बन्धी व्यवस्थाः** (१) बैंकको प्रदेशस्थित कार्यालयमा सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत द्वितीय (उप-निर्देशक) श्रेणीको कर्मचारीले 'सूचना अधिकारी' को रूपमा कार्य गर्नेछ ।

(२) प्रदेशस्थित कार्यालयका 'सूचना अधिकारी' को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो कार्यालयको काम कारवाहीसँग सम्बन्धित विषयमा सूचना तथा जानकारीहरु प्राप्त गर्ने ।

(ख) कार्यालयसँग सम्बन्धित खास विषयको सूचना एवम् जानकारी सरोकारवालाले माग गरेको अवस्थामा आवश्यक प्रक्रिया पूरा गरी उपलब्ध गराउने ।

(ग) कार्यालयको कार्यक्षेत्रभित्रका आर्थिक, मौद्रिक तथा वित्तीय विषयका सूचना एवम् जानकारी यस नीतिको अधिनमा रही प्रवाह गर्ने ।

(घ) कार्यालयको काम कारवाहीसँग सम्बन्धित विषयमा प्रवक्ता वा सूचना अधिकारीले माग गरेका विवरण उपलब्ध गराउने ।

(ङ) प्रवक्ता तथा सूचना अधिकारीले तोकिदिएका सूचना प्रवाह सम्बन्धी अन्य कार्य गर्ने ।

## परिच्छेद - ११

## सूचना तथा सञ्चार समन्वय महाशाखा

१९. **सूचना तथा सञ्चार समन्वय महाशाखा सम्बन्धी व्यवस्थाः** (१) बैंकको गभर्नरको कार्यालय अन्तर्गत सूचनाको हक तथा सञ्चारसम्बन्धी प्रचलित कानुन बमोजिम सूचना व्यवस्थापनसम्बन्धी कार्य गर्न एक सूचना तथा सञ्चार समन्वय महाशाखा रहनेछ ।

(२) कुनै व्यक्ति, संस्था वा निकायले सार्वजनिक महत्व वा व्यक्तिगत हकसँग सम्बन्धित सूचना औपचारिक रूपमा माग गरेमा सोको व्यवस्थापन उपदफा (१) अन्तर्गत गठन भएको महाशाखा मार्फत गरिनेछ ।

(३) महाशाखाले बैंकको तर्फबाट सूचनाको हक सम्बन्धी प्रचलित कानुनबमोजिम जानकारी दिनुपर्ने सूचना त्रैमासिक रूपमा आवश्यक कागजात तयार गरी सर्वसाधारणको जानकारीको लागि बैंकको वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(४) बैंकले महाशाखामार्फत बैंकका आवश्यक सूचना, वित्तीय चेतना एवम् साक्षरता र विज्ञापन सन्देशहरू सर्वसाधारणको जानकारीको लागि विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्न/गराउन सक्नेछ ।

(५) सञ्चार माध्यम र सरोकारवालासँगको सञ्चार सम्बन्धको व्यवस्थापन गर्नेछ ।

## परिच्छेद - १२

## विविध

२०. **व्यक्तिगत जिम्मेवारी रहने :** (१) बैंकका प्रवक्ता, सहप्रवक्ता, सूचना अधिकारीहरू वा बैंकबाट अनुमति पाएका व्यक्ति वा बैंकले तोकेका कर्मचारीबाहेक अन्य व्यक्तिले सञ्चारमाध्यम मार्फत व्यक्त गरेका धारणाको जिम्मेवारी सम्बन्धित व्यक्ति वा कर्मचारी स्वयम्ले लिनु पर्नेछ ।

(२) यसरी व्यक्तिगत रूपमा सम्प्रेषण भएका सूचनाको सम्बन्धमा बैंक जवाफदेही हुनेछैन ।

२१. **यस नीतिको पालना गर्नुपर्नेः** यस नीतिको पालना गरी सूचना प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनु बैंकका कर्मचारीको कर्तव्य हुनेछ ।

२२. **बाधा अड्काउ फुकाउने अधिकार**: यस नीतिको कुनै व्यवस्था कार्यान्वयन गर्दा बाधा अड्काउ आइपरेमा गभर्नरले फुकाउन सक्नेछ ।

२३. **खारेजी र बचाऊ** : (१) यो नीति प्रारम्भ हुनुभन्दा अघि जारी भएका सूचना तथा सञ्चारसँग सम्बन्धित परिपत्र तथा निर्देशन खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको सूचना तथा सञ्चारसँग सम्बन्धित विषयमा भए गरेका काम कारवाही तथा निर्णय यसै नीतिबमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**
**(सूचना माग गर्ने विवरणको ढाँचा)**

मितिः .......................

श्री सूचना अधिकारीज्यू,
नेपाल राष्ट्र बैंक,
......................... ।

विषयः सूचना एवम् जानकारी पाउँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी निवेदकलाई त्यस बैंकमा रहेका तपसिलमा उल्लिखित सूचना, जानकारी, तथ्याङ्क तथा विवरण आवश्यक परेकोले उपर्युक्तबमोजिका देहायमा उल्लिखित सूचना एवम् जानकारी उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरिएको छ ।

| **क्र.सं.** | **सूचनाको विवरण** | **सूचनाको प्रयोजन** | **सूचना माग गर्ने व्यक्ति/संस्था** |
|---|---|---|---|
| | | | |

साथै, त्यस बैंकबाट उपलब्ध गराइएको सूचना अनधिकृत रूपमा प्रयोग गरिने छैन भनी स्वःघोषणा गर्दछु ।

निवेदक

दस्तखतः
नामः
ठेगानाः
फोन नं.:
इमेलः

## ✍अनुसूची-२
## (गभर्नरसमक्ष उजुरी दिई सूचना माग गर्ने ढाँचा)

मितिः ......................

श्रीमान् गभर्नरज्यू
नेपाल राष्ट्र बैंक
बालुवाटार, काठमाडौं ।

विषयः सूचना एवम् जानकारी पाउँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी निवेदकले त्यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी तपसिलमा उल्लेखित सूचना माग गर्दै मिति ............................... मा निवेदन दर्ता गरेकोमा दर्ता भएको मितिले सात दिन नाघिसक्दा समेत सूचना उपलब्ध नगराइएको हुँदा उल्लेखित सूचना पाउँ भनी यहाँसमक्ष यो उजुरी निवेदन पेश गरिएको छ ।

| **क्र.सं.** | **सूचनाको विवरण** | **सूचनाको प्रयोजन** | **सूचना माग गर्ने व्यक्ति/संस्था** |
|---|---|---|---|
| | | | |

साथै, त्यस बैंकबाट उपलब्ध गराइएको सूचना अनधिकृत रूपमा प्रयोग गरिने छैन भनी स्वःघोषणा गर्दछु ।

निवेदक,

दस्तखतः
नामः
ठेगानाः
फोन नं.:
इमेलः

---

✍ पहिलो संशोधनद्वारा थप